Volume 11, Issue 01, 2026. pp. 1–8
Research Article

Shodhmala
शोधमाला

# मगर समुदायमा मेमाजाको भूमिका, महत्त्व र आवश्यकता

**माया कुमारी रोका मगर**
अध्यक्ष, पिपलतुङ रिसर्च एन्ड डेभलपमेन्ट हब

**लेखसार**

प्रस्तुत लेख मगर समुदायको अविवाहित केटीहरूको परम्परागत समूह 'मेमाजा' मा केन्द्रित छ। मगर समुदायमा विवाह, मृत्यु र ठूला संस्कारमा मेमाजाको भूमिका, महत्त्व र आवश्यकतालाई अध्ययनको विषयवस्तु बनाइएको छ। मेमाजाले आफ्ना जिम्मेवारीहरू कसरी पूरा गर्छन् र यसमार्फत मगर समुदायको सामाजिक तथा सांस्कृतिक प्रणालीमा कसरी योगदान पुऱ्याउँछन् भन्ने पक्षको अध्ययन गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ। अध्ययनका लागि इथ्नोग्राफिक अनुसन्धान विधि अवलम्बन गरिएको छ। अध्ययनका लागि इमाइल दुर्खिम र ऱ्याडक्लिफ ब्राउनको कार्यात्मक संरचनावादको सिद्धान्तलाई आधार मानेर विश्लेषण गरिएको छ। तथ्याङ्क विश्लेषणका लागि भाषिक अध्ययन, अनुभव आदानप्रदान, अवलोकन मूल्याङ्कन लगायतका विधि अवलम्बन गरिएको छ। अध्ययनबाट 'मेमाजा' छोरीचेलीहरूको समूह रहेको पाइएको छ। यो अविच्छिन्न उत्तराधिकारी प्रणाली, प्रथाजनित संस्थाको रूपमा रहेको पाइएको छ। मेमाज मगर समुदायमा विवाह संस्कार, मृत्यु संस्कार तथा विभिन्न सामूहिक कार्यहरूमा व्यवस्थापन सहयोगीका रूपमा सक्रिय रूपमा परिचालित हुने गरेको पाइन्छ । दाउरा सङ्कलन, अन्न कुटन पिटन, भाँडाकुँडा सरसफाइ, पाहुनाको खानपिनको व्यवस्था, मन्धेउलीसम्बन्धी भूमिका लगायतका कार्यमा मेमाजहरूको महत्त्वपूर्ण सहभागिता रहेको देखिन्छ।

*मुख्यशब्दावली* : मेमाजा, मगर समुदाय, रोल्पा, विवाह संस्कार, मन्धेउली

***Article History***
Received: 2025 October 25
Accepted: 2025 December 10

***Email***
mroka64@gmail.com

***Cite***
Rokamagar, M. K. (2026). मगर समुदायमा मेमाजाको भूमिका, महत्त्व र आवश्यकता. *Shodhmala (शोधमाला)*, *11*(1), 1–8.

## विषय परिचय

नेपालका प्रमुख आदिवासी जनजाति समुदायमध्ये मगर जाति सबैभन्दा ठूलो जनसङ्ख्या भएको समुदाय हो। नेपालमा मगर समुदायको जनसङ्ख्या २०,१३,४९८ रहेको छ। यो सङ्ख्या नेपालको कुल जनसङ्ख्याको ६.९ प्रतिशत हो (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)। मगर नेपालको तेस्रो ठूलो जातीय समूह हो । मगरहरूको बसोबास नेपालको ७७ वटै जिल्लामा रहेको भएपनि ६०.१२ प्रतिशत मगरहरूको बसोबास गण्डकी र लुम्बिनी प्रदेशमा रहेको छ (घर्तीमगर र रोकामगर, २०८२)। मगर समुदायको आफ्नै ऐतिहासिक सीमा मगरात, भाषिक पहिचान मगर ढूट, खाम र काइके छ। यस्तै आफ्नै मौलिक प्रथा र परम्परा छ।

मगर समुदायले आफ्नै भाषिक, सांस्कृतिक र धार्मिक परम्पराको अवलम्बन गरी नेपालको बहुभाषिक तथा बहुसांस्कृतिक परिवेशलाई महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यी परम्परा र प्रचलनहरूले समुदायमा एकता समानता र सामाजिक भावनाको विकास गरेका छन्। विशेषगरी,

CC BY NC

Copyright©2026: Magar Studies Center

मगर समुदायमा जन्म, मृत्यु र विवाह संस्कारहरू जीवनका प्रमुख घटनाहरू हुन् । यी घटनामा पारिवारिक तहमा धेरै ठूलो बोझ बहन गर्नुपर्छ । आर्थिक, श्रम तथा सामाजिक हिसाबले यी घटनाहरूमा धेरै ठूलो लगानी आवश्यक पर्छ । यी बोझलाई सामूहिक हिसाबले बहन गर्न भाइबन्धुले आफ्ना छोरीहरूलाई श्रम योगदान गर्न पठाउँछन्। श्रम योगदान गर्ने केटीहरूको समूह 'मेमाजा' हो।

मेमाजा मगर समुदायभित्र अभ्यासमा रहेको एक अविछिन्न परम्परागत अविवाहित छोरीहरूको समूह हो । कानुनी रूपमा यसको दर्ता भएको हुँदैन र यसको कुनै लिखित नियम तथा कानुन हुँदैन। मेमाजा मगर 'खाम' भाषाको शब्द हो । नेपालीमा यसको अर्थ छोरीहरूको समूह अर्थात् 'मेमा' को अर्थ छोरीहरू र 'जा' को अर्थ सन्तान हुन्छ।

यस समूहको सदस्य हुनलाई एउटै भाइ खलकको हुन जरूरी हुन्छ। एउटै कुलभित्रका कन्याहरू जसको श्रम गर्ने उमेर पुगेपछि उनीहरू स्वतः मेमाजाको सदस्यका लागि उपयुक्त मानिन्छन् । जब उनीहरू विवाह गरेर जान्छन् तब उनीहरूको सदस्यता स्वतः खारेज हुन्छ । मेमाजाको नेतृत्व समूहको सबैभन्दा जेठो व्यक्तिले गर्दछ र उक्त व्यक्ति नै त्यस समूहको मुखिया हुन्छ। मेमाजा समूह एकल भन्दा सामूहिक नेतृत्वमा आधारित हुन्छ। हरेक निर्णयहरूमा सबैको निर्णायक भूमिका समान खालको रहन्छ। यो समूह परम्परागत मूल्य मान्यता र अभ्यासका आधारमा सञ्चालित हुन्छ।

यसले छोरीहरूको नेतृत्व विकास र सामूहिक भावनाको विकास गराउँदछ । साथै आफ्नो संस्कार र संस्कृतिको बारेमा पूर्ण दीक्षित बनाउँछ। यस संस्थाले आफ्नो संस्कार र संस्कृतिलाई अनुसरण गर्न र समुदाय तथा समाजसँग घुलमिल भई सामाजिकीकरण हुन महत्त्वपूर्ण भूमिका खेल्दछ।

मेमाजा संस्था खासगरी मगर समुदायको विवाह संस्कारमा बढि सक्रिय हुन्छ। मगर समुदायको विवाह संस्कार अन्य समुदायको भन्दा विशिष्ट खालको रहेको छ। मगर समुदायको विवाहको संस्कारगत प्रक्रिया तथा विधिहरू परम्परागत र मौलिक खालका छन् यस्ता परम्परागत तथा मौलिक संस्कारहरूमा मेमाजाहरू प्रत्यक्ष सहभागी भइरहेका हुन्छन्। यसले अप्रत्यक्ष रूपमा मगर समुदायको मौलिक परम्पराको जगेर्ना गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ।

यो अध्ययन मगर समुदायको परम्परागत प्रथाजनित संस्थाको प्राज्ञिक ढाँचाको अध्ययन हो। विश्वव्यापीकरण, प्रविधिको चरम विकास र विस्तार भैरहेको वर्तमान अवस्था तथा बसाइसराइको कारण अस्थिर बसोबासले सृजना गरिरहेको चुनौतिका कारण परम्परा धान्न कठिन भईरहेको छ। यस अवस्थामा यस अध्ययनले हजारौँ बर्षदेखि अभ्यासमा रहेका मगर समुदायको सांस्कृतिक र सामाजिक अवयवहरूलाई अभिलेखित गर्न औचित्य राख्दछ।

सीमित स्रोतसाधनका कारण तथ्याङ्क सीमित व्यक्तिबाट मात्र सङ्कलन गरिएको छ। अध्ययनमा बढी स्मरण र अनुभवलाई आधार मानिएको छ । परिवर्तित सन्दर्भमा मेमाजाको प्रवृत्तिलाई यो अध्ययनमा पुरै समेट्न नसक्नु यो अध्ययनको सिमा रहेको छ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य मगर समुदायको विवाह तथा सामाजिक कार्यमा प्रचलित प्रथाजनित संस्था मेमाजाको भूमिका, महत्त्व र आवश्यकताको बारेमा अध्ययन तथा विश्लेषण गर्नु हो। साथै लोप हुने अवस्थामा रहेको मेमाजा संस्थाको बारेमा अध्ययन गरी मगर मौलिक परम्परा तथा संस्कृतिको प्राज्ञिक अभिलेख गर्नु हो।

## अध्ययन विधि

यस अध्ययनमा इथ्नोग्राफिक अध्ययन विधि अवलम्बन गरिएको छ। यो अध्ययन विशेषगरी रोल्पा जिल्ला र यस आसपासका जिल्लाहरू रूकुम, सल्यान, दाङ, प्युठान र बाग्लुङ लगायतका जिल्लामा बसोबास गर्ने मगर समुदायमा प्रचलित परम्परागत समूह मेमाजा मा आधारित छ । जहाँ मगर समुदायको सांस्कृतिक अभ्यास पारम्परिक खालको छ। तथ्याङ्कको प्राथमिक स्रोतका लागि स्थलगत अवलोकन, मेमाजाका मुख्य

व्यक्तिहरूसँग अन्तरवार्ता, ज्येष्ठ व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको छ । तथ्याङ्कको द्वितीय स्रोतहरूमा मगर समुदायमा प्रचलित मेमाजा सम्बन्धी प्रकाशित पुस्तक, पत्रपत्रिका, लेख र सञ्चार सामग्रीहरूको अध्ययन तथा समीक्षा गरिएको छ।

यस अध्ययनको सैद्धान्तिक दृष्टिकोण इमाईल दुर्खाइम र र्‍याडक्लिफ–ब्राउनको कार्यात्मक संरचनावाद सिद्धान्त हो। यसै सिद्धान्तको कसीमा राखेर मगर समुदायमा प्रचलित मेमाजा संस्थाको भूमिका र कार्यलाई व्याख्या गरिएको छ। मगर समुदायको कुनै खास कुलायन समूह एक प्रणाली मान्ने हो भने यो प्रणालीमा मेमाजा एक इकाई हो । यो इकाईले मगर समुदायको उक्त भाइ खलकको बन्धुत्व, सहकार्य र साझेदारी, श्रम सहायतामा योगदान गरी सामाजिक प्रणालीलाई जीवन्त बनाइराखेको छ।

मानवव समाज विभिन्न संस्थाहरू मिलेर बनेको हुन्छ। ती संस्थाहरू समाजको इकाईको रूपमा रहन्छन्। कार्यात्मक संरचनावादले समाजलाई एकीकृत प्रणालीका रूपमा व्याख्या गर्छ, जहाँ विभिन्न सामाजिक संस्थाहरूले सामाजिक स्थिरता र व्यवस्था कायम राख्न आवश्यक कार्यहरू पूरा गर्छन् । ईमाइल दुर्खाइमले सामाजिक तथ्यहरू व्यक्तिभन्दा बाहिर अस्तित्वमा रहने र सामाजिक एकता कायम गर्न बाध्यकारी शक्ति प्रयोग गर्ने कुरा जोड दिएका छन् (Durkheim 1895) । यसै अवधारणालाई अगाडि बढाउँदै, र्‍याडक्लिफ–ब्राउनले सामाजिक संस्थाहरूलाई व्यक्तिका व्यक्तिगत आवश्यकताभन्दा पनि सामाजिक संरचनाको संरक्षण र निरन्तरतामा उनीहरूले पुर्‍याउने योगदानका आधारमा विश्लेषण गर्नुपर्ने तर्क प्रस्तुत गरेका छन् (Radcliff Brown 1952) । मगर समुदायको मेमाजा पनि महत्त्वपूर्ण प्रथाजनित संस्था हो । यो मगर समुदायको एक इकाई हो । यसले मगर समुदायको सामाजिक सांस्कृतिक प्रणाली संचालनमा महत्त्वपूर्ण भूमिका खेल्दछ।

केशर जङ बरालमगरका अनुसार तनहुँका मगर समुदायहरूमा विवाहमा महिलाहरू पनि बरियात (जन्ती) जाने चलन छ। बरियात जाने महिलाहरूलाई ग्योकहारी (शोली बोक्ने) भनिन्छ। बरियातमा कन्याहरू मात्र जान्छन् ग्योकहारी कन्या केटी नै चाहिन्छ। दुलही माइतीमा भित्र पस्न आउँदा दुलहीको घर नपुग्दै गाउँका केटीहरूले रूमाल थापेर बाटो छेक्छन् । त्यसैगरी दुलहाको जुत्ता लुकाउने र जन्ती घर फर्किदा दुलहीलाई घर जान नदिन रूमाल थापेर बाटो छेक्छन् र बेहुलाले पैसा नदिदाँसम्म बाटो छोड्दैनन् । यसलाई बाटो छेक्ने भनिन्छ । राप्ती अंचलतिरका मगर समुदायमा यसलाई साथ छोडाउने भन्छन् (बराल मगर, २०६८, पृ. ७०–७४)ल बेहुलाको कन्या बहिनीले खाजा बोक्ने चलन रहेको छ । जुन खाजा जन्ती जाने बाटोमा रूमाल, टोपी वा खास्तोमा दुवोपाती राखि लस्करै थापिएको हुन्छ त्यसमा बेहुला र बेहुलीले खाजा र रूपैयासहित राखिदिने चलन रहेको छ (मगर र हिमाल, २०७७, पृ. ५७) । मेमाजा अर्थात छोरीहरूको समूह एक सङ्गठित परम्परागत संस्था हो । यो एक अविवाहित कन्याहरूको सङ्गठित समूह हो । यस सङ्गठनको नेतृत्व उमेरले निर्धारण गर्छ। श्रम गर्न सक्ने उमेर पुगेपछि अविवाहित छोरीहरू स्वतः मेमाजाको सदस्य हुन्छन्। मेमाजा विवाह गरेर गएपछि उनीहरूको सदस्यता स्वतः खारेज हुन्छ। प्राय सबैभन्दा जेठो व्यक्ति नै समूहको मुखिया बन्छ (घर्तिमगर, २०७१)। प्राय जन्तीको तेस्रो दिन 'पाहुरपात' लिएर दुलही दुलाहाका साथ माइत जाने कार्यलाई 'दुर्गान ल्हेस्के' भनिन्छ । जन्ती फर्कदा दुलहीसँग आएका लोकन्तीहरू पनि दुलान फर्काउने बेला फर्किने चलन छ (श्रीस मगर, २०६७, पृ. ८९) । दुलहीको साथमा घर र माइतबाट साथीहरू पठाइन्छ । ती साथीहरूलाई 'मन्दयाउली' भनिन्छ । जन्ती पर्सिने ठाउँबाट केही मन्द्याउलीहरू (दुलहीको साथी) पठाइन्छ। यिनीहरूलाई दुलहीको घरबाट विदावारी गर्दा मन्द्याउली पोका र दक्षिणा दिएर विदावारी गरिन्छ । दुलहीको साथीको नाममा 'होल' भन्ने अलग नामको पाहुर लगिन्छ (बुढामगर, २०८१, ५९–६१)।

### मेमाजा र भूमिका

मेमाजाले मगर समुदायको विवाह र मृत्युजस्ता संस्कारलगायत अन्य सामूहिक रूपमा गरिने कार्यहरूमा प्रत्यक्ष सहभागी भई व्यवस्थापकीय सहायकको रूपमा कार्य गर्दछ। विशेषगरी मेमाजाले मगर समुदायको विवाह

र मृत्यु संस्कारमा निर्वाह गर्ने भूमिकाहरूको विस्तृत रूपमा विश्लेषण गरिएको छ। मगर समुदायको विवाह संस्कारमा मेमाजाको भूमिकालाई निम्न ४ खण्डमा वर्गीकरण गरी व्याख्या गरिएको छ। व्यवस्थापन भूमिका, स्वागत सत्कारको भूमिका, मनोरञ्जन तथा ठट्यौली भूमिका र मन्धेउली भूमिका मुख्य भूमिका हुन्।

**व्यवस्थापन भूमिका**

मेमाजा त्यस्तो समूह हो जसले आफ्नो कूल खानदानले आयोजना गर्ने विभिन्न परम्परागत संस्कारहरू जस्तै; पूजाआजा, विवाह, मृत्यु, सिवालधुवालजस्ता सामूहिक कार्यमा व्यवस्थापकीय सहयोगीको रूपमा काम गर्दछ। मगर समुदायमा प्रचलित यस्ता संस्कारहरू सम्पन्न गर्न मेमाजाबिना असम्भव जस्तै हुन्छ। समुदायमा जब यी कार्यहरू सम्पन्न गर्न तय गरिन्छ तब सबैभन्दा पहिले मेमाजा को शेर (लिडर) लाई खबर गरिन्छ त्यसपछि उसले आफ्ना समूहका सदस्यहरूलाई काममा परिचालन गर्दछ।

***दाउरा पानी व्यवस्थापन***

मगर समुदायमा आयोजना गरिने यस्ता सामूहिक कार्य सम्पन्न गर्न दाउराको आवश्यक पर्छ। उक्त दाउरा सङ्कलन गर्ने जिम्मेवारी मेमाजाको हुन्छ। सामूहिक कार्य गर्न भनी तोकिएको मितिको १/२ दिन अगावै मेमाजाले सामूहिक रूपमा जङगलमा गएर कार्य सम्पन्न गर्न पुग्नेजति दाउरा सङ्कलन गरी काम घरमा ल्याउँछन्। त्यसैगरी खानेपानीको अभाव भएका ठाउँहरूमा सामूहिक रूपमा पानी भर्न गई पानी सङ्कलन गर्छन र पाहुनाहरूले पिउने पानीको समेत व्यवस्था गर्छन् जसबाट सामूहिक कार्य सम्पन्न गर्नलाई सहज बनाउँछ।

***खाद्यान्नको व्यवस्थापन***

यस अन्तर्गत धान तथा अन्न कुटान पिसानका कार्यहरू पर्दछन्। सामूहिक कार्य सम्पन्न गर्न धेरै परिमाणमा चामल तथा पिठो लाग्ने भएकोले ती चामल र पिठो व्यवस्थापन गर्ने जिम्मा मेमाजाको नै हुन्छ। अझ केही दशक अगाडिसम्म त चामल र पिठो कुट्न तथा पिस्नलाई मिल तथा घट्टहरू थिएनन् त्यो बेला मेमाजाले सामूहिक रूपमा ३/४ दिन लगाएर ढिकीमा धान कुटान र जाँतो (चाखी) मा गहुँ तथा मकै पिसानको कार्य गर्दथे तर आधुनिक प्रविधिको विकाससँगै वर्तमान अवस्थामा ती कार्यहरू अलि सहज हुँदै गएको देखिन्छ।

***भान्सा व्यवस्थापन***

सामूहिक कार्यमा खाना पुरूषहरूले पकाए पनि केही त्यस्ता कार्यहरू छन् जो मेमाजाले नगरेर सम्पन्न हुँदैनन्। पाहुनाहरूलाई खान दिन, कोशेली पाहुर र छरछिमेकलाई बाँड्न धैरै परिमाणमा रोटीको आवश्यकता पर्छ जसको व्यवस्थापन मेमाजा ले गर्छन्। कामको बाँडफाँड गरी कसैले पिठो मुछ्ने, कसैले रोटी बनाउने र कसैले ताइ बसेर रोटी पकाउने कार्य सामूहिक रूपमै गर्छन्। यसका अलवा मेमाजाहरूले पाहुनाहरूलाई खुवाउन अचार बनाउने, जाँड छान्ने, चिया पकाउने कार्यसमेत गर्छन्। यसले छोटो समयमा धैरै परिमाणमा रोटी तयार भई कार्य सम्पन्न गर्न सहज बनाउँछ, मेमाजामा सामूहिक भावनाको विकास गराउँछ र परम्परागत ज्ञान तथा सिपको पुस्तान्तरण गर्नमा सहयोग पुर्याउँछ।

***भाँडाकुँडा वा टपरी व्यवस्थापन***

विभिन्न शुभ तथा अशुभ कार्य गर्दा मगर समुदायले सालको पात वा चिउरीको पातमा प्रसाद तथा खाना खाने चलन छ। पातको टपरी हातैले खुटेर (बुनेर) आकर्षक बनाउनु पर्दछ। टपरी खुट्ने जिम्मेवारी मेमाजाको नै हुन्छ। मेमाजाले खुटेर तयार गरेको पातको टपरीमा पाहुनाहरूलाई खाना खुवाउने गरिन्छ। मगर गाउँहरू डाँडाकाँडामा हुने भएका कारण प्राय खानेपानीको समस्या हुन्छ यस्तो अवस्थामा पातको टपरीले केही हदसम्म भएपनि सहज बनाउँछ भने भाँडा माझ्ने समयको पनि बचत गरेको देखिन्छ। आजभोलि यस्ता सामूहिक कार्यहरूमा क्लब तथा समूहका भाँडाकुँडा भाडामा लिएर खाना खाने चलनले प्रवेश पाएको छ। जसले परम्परागत रूपमा बुनेको टपरीमा खाना खाने चलन विस्तारै लोप हुँदै गएको अवस्था छ। मेमाजाको अर्को महत्त्वपूर्ण काम भनेको पाहुनाले जाँड, रक्सी, चिया तथा खाना खाएको भाडाकुँडा र भोजको लागि खाना पकाएका भाडाकुँडाहरू माझ्ने हो। यसले पाहुनाहरूलाई सफा भाडाकुँडामा खाना

खान दिन सहज बनाउँछ भने भान्सा व्यवस्थापनमा समेत सहयोग पुऱ्याइरहेको हुन्छ।

त्यसैले मगर समुदायमा गरिने यस्ता सामाजिक कार्यहरूमा मेमाजा अनिवार्यजस्तै हुन्छन् । मेमाजाको व्यवस्थापकीय भूमिकामा विवाह, मृत्यु संस्कार, भोजभत्यार र पूजाआजा रहन्छन् भने स्वागत सत्कार, मनोरञ्जन वा ठट्यउली र मन्धेउली भूमिका विवाह संस्कारमा मात्र हुने गर्दछ।

**स्वागत सत्कारको भूमिका**

मेमाजा विशेषगरी मगर समुदायको विवाह संस्कारमा बढी सक्रिय हुन्छन्। मगर समुदायमा कुनै केटा र केटीबीचमा विवाह भइसकेपछि जन्ती लिएर केटा पक्षबाट केटीको माइती घरमा भित्र पस्न आउने चलन रहेको छ। जन्ती भित्र पस्न आउँदा मगर समुदायको आफ्नै संस्कार अनुसार विशेष स्वागत सत्कार गर्ने चलन रहेको छ । विशेषगरी विवाह संस्कारमा जन्तीलाइ स्वागत सत्कार गर्ने मुख्य भूमिका मेमाजा को हुन्छ। केटा पक्षले जन्ती लिएर केटीको माइती घरमा पस्न आउँदा मेमाजाले जन्तीलाई केराको बोत्रा, रङपानी, भेडेकुरो र कतैकतै सिस्नो पानीले हानेर जन्ती पछ्याउने वा स्वागत गर्ने गर्दछन् । यो चलन मेमाजाको जन्ती पछ्याउने परम्परागत संस्कार हो। जन्तीहरूले पनि मेमाजाद्वारा यसरी गरिएको स्वागत सत्कारलाई सौहार्द रूपमा स्वीकार गर्नुपर्दछ। यसरी स्वागत गरिसकेपछि जन्तीहरूलाई जाँड वा रक्सी खान दिन्छन् र खाना खुवाउँछन्। साथै जन्ती सुत्नको लागि छरछिमेकको घरमा व्यवस्था गर्छन्। यसले मेमाजालाई जिम्मेवारीबोध र व्यवस्थापन कार्यमा निपुण बनाउने काम गर्दछ।

**मनोरञ्जन र ठटयउली भूमिका**

विवाहमा केटा पक्षले जन्ती लिएर केटीको माइती घरमा भित्र पस्न आउँदा जन्तीलाई मनोरञ्जन प्रदान गर्ने प्रमुख जिम्मेवारी मेमाजाको रहन्छ । मेमाजाले जन्तीहरूलाई विभिन्न मनोरञ्नात्मक क्रियाकलापहरू जस्तैः केराको खम्बाको घोडा बनाइ बेहुला लगायत बेहुलाको बाबु र दाजुभाइहरूलाई घोडामाथि चढन लगाउने, टपरीका चस्मा, भेडेकुरोको टोपी, केराको खम्बा वा फलफूलका माला, बाला कुन्दल लगाइ दिने, खाना खाने समयमा डोकाको ऐना हेराउने र दाँत कोट्याउनलाई ठूलो काठको लट्ठी दिने गर्दछन् । यसरी मेमाजाले गर्न लगाएका सवै क्रियाकलाप बेहुला र उनका बाबु तथा दाजुभाइहरूले झर्को नमानी मनन् गर्नुपर्ने हुन्छ । यदि कुनै इष्टले यसमा प्रतिरोध गरेको खण्डमा दण्डित हुनुपर्ने हुन्छ । यसो गर्दा एकातिर मेमाजाले विभिन्न ठट्याउली क्रियाकलाप गरेर विवाह भोजमा आएका मान्छेहरूलाई मनोरञ्जन प्रदान गर्दछन् भने अर्कोतिर बेहुला र बेहुलाका बाबु तथा दाजुभाइहरूको धैर्यता र सहनशीलतालाई मापन गरिरहेका हुन्छन् । यदि बेहुला र उनका बाबु तथा दाजुभाइहरूमा मेमाजाले गर्ने यस्ता ठट्याउलीप्रति सहनशीलता देखिएन भने माइती पक्षबाट कुटुम्ब र भाञ्जले हाम्रो छोरीलाई सुखमा राख्दैनन् कि भनेर शङ्काको नजरबाट हेर्छन्। यसका साथै मेमाजाले जन्तीहरूसँग ठट्टा गर्दै रातभरि मौलिक दोहोरी र साइ ल बरै गीतहरू गाएर उज्यालो पार्दछन्। विवाह संस्कारमा मेमाजाले गर्ने यस्ता मनोरञ्जनात्मक क्रियाकलापहरूले बेहुलाको धैर्यताको मापन गर्दछ भने मगर समुदायभित्र प्रचलनमा रहेका मौलिक संस्कार र संस्कृतिहरूको निरन्तरतामा सहयोग पुग्दछ।

**मन्धेउली भूमिका**

मगर समुदायको विवाह संस्कारमा विवाह गरी बेहुली बेहुलाको घरमा जाँदा बेहुलीको साथीको रूपमा मेमाजा मन्धेउली जाने चलन रहेको छ। मेमाजाले विवाह भएर जाने दिदी, बहिनी वा फुपूलाई मन्धेउली भएर उसको नयाँ घरसम्म पुऱ्याउन जान्छन्। यदि मागी विवाह भएको छ भने बेहुलीले केटाको घरमा आफूले चाहेजति मन्धेउली लैजान सक्छ। मन्धेउलीहरू बेहुलीसँगै गएर केटाको घर, परिवार, खेतवारी र उसको छरछिमेकसँगको सम्बन्धलाई अवलोकन गर्दछन् । मन्धेउलीलाई केटाको घरमा राम्रो स्वागत सत्कार र खानपिन गर्नुपर्छ। मन्धेउली धेरैजना गएका छन भने खसीसमेत काटेर खुवाउँनु पर्छ तर कम सङ्ख्यामा गएका छन् भने भाले काटेर खुवाउने चलन रहेको छ। मेमाजा बेहुलीसँग मन्धेउली जाँदा के

खाने र मन्धेउली फिर्ता हुँदा कति परिमाणमा रोटी, रक्सी, मासु र पैसा लिएर फर्किने भन्ने कुरा उनीहरूको इच्छामा भर पर्दछ। मन्धेउली लान पाउनु बेहुलीको अधिकारसँग जोडिएको कुरा हो। मागी विवाह भइ केटी केटाको घरमा जाँदा र विवाहपश्चात् माइती घरमा भित्र पसेर फर्किदा गरी केटी पक्षबाट मेमाजा दुईपटकसम्म मन्धेउली जान सक्छन् । मागी विवाह हुँदा बेहुलीको सगुन खाजाको कुम्ला बोक्न बेहुलीको बहिनी वा कुनै एक जना मेमाजा मध्येको कन्या अनिवार्य जानुपर्छ र ती एकजना कन्यासँग अन्य मेमाजा मन्धेउली भएर जाने चलन छ।

त्यसैगरी माइतीमा भित्र पस्न आउँदा केटा पक्षको घरबाटपनि बेहुलाको बहिनी वा मेमाजा मध्येका कुनै एकजना कन्या नयाँ भाउजूसँग मन्धेउली भएर सगुन खाजाको कुम्ला बोकेर अनिवार्य आउनु पर्छ । यसरी आफ्नो छोरीको सगुन खाजाको कुम्ला बोकेर आएको मन्धेउलीलाई माइतीपक्षले विशेष सत्कार गर्छन्। बेहुला बेहुलीसँगै बसाली टिका लगाइदिएर पैसा दिन्छन्। नयाँ बेहुलाबेहुली माइतीमा भित्र पसेर फर्किदा भने मेमाजा मन्धेउली जान अनिवार्य हुँदैन किनकी केटा पक्षबाट बेहुलीको सगुन खाजाको कुम्लो बोक्नका लागि मन्धेउली आएका हुन्छन्। यदि भागी विवाह भइ केटी माइतीमा भित्र पस्न आएको छ भने मेमाजा मन्धेउली जान्छन् र बेहुलीले पनि उसको साथी मन्धेउलीहरू लिएर जान सक्छ। यो बेहुली र मेमाजाको इच्छामा भर पर्दछ।

सगुनको कुम्ला केटाको घरमा जाँदा केटीको आमाले लट्टे र सेराङ्गो भुटेर माहुरीको महले मोलेर सगुन खाजाको कुम्लो बनाएर पठाउँछन् भने माइतीमा भित्र पस्न जाँदा केटाको आमा बेहुलीको फुपूले लट्टे र सेराङ्गो भुटेर माहुरीको महले मोली सगुन खाजाको कुम्लो बनाएर पठाउँछन् । कुम्लो भनेको सुर (गादो) मा धेरै परिमाणमा केही बस्तु वा चिज राखि बनाइएको पोको हो । यसको आफ्नै महत्त्व रहेको छ। जन्ती जाने र फर्किने, बाटामा रूमालमाथि दुबोपाती र रक्सी राखेर सगुन थाप्ने चलन छ । यसरी थापिएको रूमालमाथि बेहुलाले पैसा र बेहुलीले सगुन खाजा राखिदिनु पर्छ। सगुन खाजाको कुम्ला बोक्न अविवाहित कन्या अर्थात मेमाजा नै चाहिन्छ ।

मगर समुदायको विवाहमा केटा पक्षले मेमाजाको परम्परा र नियमको पालना गर्नुपर्छ। कुनैपनि केटीको विवाहपूर्व त्यो केटी मेमाजाको सदस्य रहेको हुन्छ । मेमाजाको समूहबाट केटीलाई छुट्याएर आफ्नो दुलही बनाउन दुलहाले मन्धेउलीलाई राजीखुशी बनाउनु पर्छ । माइतमा भित्र पस्न आउँदा मन्धेउलीका लागि छुट्टै रोटीको पोका, रक्सी र शिरतो अनिवार्य ल्याउनुपर्छ नत्र जरिवाना तिर्नुपर्छ। त्यसैगरी बेहुलीलाई मेमाजाबाट साथी छुटाएर लगेवापत बेहुलाले मेमाजाले मागेको जति पैसा दिनुपर्छ । मेमाजाको यस्ता मौलिक परम्पराहरूले मगर महिलाहरूको सम्मान मात्रै होइन उनीहरूको सांस्कृतिक अधिकारलाई स्थापित गर्न सहयोग गरेको देखिन्छ।

**मेमाजाको मगर समुदायमा सामाजिक तथा सांस्कृतिक महत्त्व**

मेमाजा मगर समुदायको प्रथाजनित संस्था हो । यो मगर समुदायको सामाजिक जीवनमा सामूहिकता, सहकार्य र आपसी उत्तरदायित्वको महत्त्वपूर्ण माध्यम भएको देखिन्छ। यस समूहले विवाह, मृत्यु, पूजाआजा र भोजभतेरजस्ता सामाजिक कार्यहरूलाई व्यवस्थित रूपमा सम्पन्न गराउन सहयोग गरी समुदायमा अन्तरनिर्भरता र एकताको भावना विकास गराएको देखिन्छ । मेमाजाले कामको बाँडफाँड गरी अनुशासन कायम राख्न र नेतृत्व विकास गर्न आफ्ना सदस्यहरूलाई सामाजिक जिम्मेवारीप्रति सचेत र सक्रिय बनाउँदछ।

विवाह संस्कारमा मेमाजाले गर्ने स्वागत सत्कार, मन्धेउली र ठट्यौली वा मनोरञ्जनात्मक गतिविधिहरूले कुटुम्ब सम्बन्धलाई सहज र सौहार्दपूर्ण बनाउने काम गर्छ। यस्ता अभ्यासहरूले सामाजिक सम्बन्ध परिक्षण, विश्वास निर्माण र आपसी समझदारीलाई बलियो बनाउँछन्। साथै मन्धेउली प्रथामार्फत केटीको नयाँ परिवार र परिवेशको सामाजिक अवलोकन हुने भएकाले विवाहपश्चात् केटीलाई पारिवारिक र सामाजिक सम्बन्ध स्थापित र सुदृढ गर्न सहयोग पुग्दछ।

त्यसैगरी, मेमाजा मगर समुदायको मौलिक संस्कार, परम्परा र सांस्कृतिक पहिचान संरक्षण गर्ने महत्त्वपूर्ण संस्था हो । विवाह, मृत्यु, पूजाआजा, भोजभतेरजस्ता संस्कारमा मेमाजाको सक्रिय सहभागिताले परम्परागत विधि, चालचलन र सांस्कृतिक नियमहरूलाई निरन्तर अभ्यासमा राखेको हुन्छ । जन्ती पछ्याउने, ठट्यौली, मनोरञ्जन, मन्धेउली, कुम्लो बोक्ने र सगुन थाप्ने जस्ता परम्परागत अभ्यासहरू मेमाजा मार्फत जीवन्त रहन्छन्।

मेमाजाले विवाह संस्कारमा मौलिक गीत, दोहोरी, साइ ल बरैजस्ता सांस्कृतिक अभिव्यक्तिहरूको संरक्षण र पुस्तान्तरण गर्छ। यसले नयाँ पुस्तालाई आफ्नो भाषा, गीत, हाँसोठट्टा र प्रतीकात्मक व्यवहारमार्फत मगर संस्कृतिसँग जोडिराख्ने काम गर्दछ। कुम्लो, टपरी, दुवोपाती, लट्टे–सेराङ्गोजस्ता वस्तुहरूको प्रयोगले मगर समुदायको विश्वास प्रणाली, प्रतीकवाद र सांस्कृतिक मूल्यलाई उजागर गर्छ।

समग्रमा, मेमाजा मगर समुदायको सामाजिक जीवनको एक महत्त्वपूर्ण परम्परागत संस्था हो । यसले विवाह, मृत्यु, पूजाआजा, भोजभतेरजस्ता संस्कारहरूलाई व्यवस्थित, मर्यादित र सामूहिक रूपमा सम्पन्न गर्न व्यवस्थापन सहायकका रूपमा भूमिका निर्वाह गर्दछ । दाउरा सङ्कलन, खाद्यान्न प्रशोधन, भान्सा व्यवस्थापन, भाँडाकुँडा तथा टपरी व्यवस्थापनजस्ता कार्यहरूले समुदायको आत्मनिर्भरता र वातावरणमैत्री अभ्यासलाई प्रवर्द्धन गरेको देखिन्छ।

विवाह संस्कारमा मेमाजाले गर्ने स्वागत सत्कार, मन्धेउली जाने र ठट्यौली तथा मनोरञ्जनात्मक गतिविधिहरूले सामाजिक सम्बन्धलाई सौहार्दपूर्ण बनाउनुका साथै बेहुला पक्षको धैर्यता, सहनशीलता र सामाजिक व्यवहारको परीक्षण गर्ने सांस्कृतिक माध्यमको रूपमा काम गर्दछ । यसले कुटुम्बीय सम्बन्ध सुदृढ पार्ने, आपसी समझदारी बढाउने र सामाजिक नियन्त्रणको कार्यसमेत गर्दछ।

## मेमाजाको परिवर्तित अवस्था

आजभन्दा दुई दशक अगाडिसम्म निकै सक्रिय हुने गरेको मेमाजा समूह वर्तमान अवस्थासम्म आइपुग्दा कमजोर हुन पुगेको देखिन्छ। मेमाजाले परम्परागत रूपमा निरन्तरता पाउन सकेको छैन । मेमाजाले मुख्य भूमिका निर्वाह गर्ने मगर समुदायको विवाह तथा मृत्यु संस्कारहरूमा दाउरा संकलन, खाद्यान्न प्रशोधन, भान्सा व्यवस्थापन, भाँडाकुँडा तथा टपरी व्यवस्थापनजस्ता कार्यहरू पनि कम भएका छन्। ग्याँस चुलो, बजारको चामल, क्याटरिन र प्लाष्टिकका भाँडाकुँडाले मेमाजाहरूको भूमिकालाई प्रतिस्थापन गर्दै गएको अवस्था छ । पढाइ र कामको शीलशीलामा समुदायभन्दा टाढा बस्नु पर्ने बाध्यताले कतिपय मेमाजा त आफ्नै समुदायले आयोजना गरेका यस्ता सामूहिक कार्यक्रमहरूमा प्रत्यक्ष सहभागी हुनै पाउँदैनन् । जसले गर्दा मेमाजाको भूमिका, महत्त्व र आवश्यकताको बारेमा पछिल्लो पुस्ताहरूलाई सचेत बनाउन र मगर समुदायका यस्ताखाले मौलिक संस्कार तथा संस्कृतिको पुस्तान्तरण र निरन्तरता दिन चुनौती देखिन्छ। मन्धेउली जाने परम्परा, सगुन खाजाको कुम्लो बोक्ने परम्परा र मनोरञ्जन तथा ठट्याउली परम्पराहरू विस्तारै लोप हुँदै गएका देखिन्छन्।

## निष्कर्ष

मेमाजा मगर समुदायको सामाजिक र सांस्कृतिक जीवनको अभिन्न अङ्ग हो। यसले परम्परागत संस्कार हरूको सफल व्यवस्थापन मात्र होइन, सामूहिक भावना, सामाजिक एकता, जिम्मेवारी र सांस्कृतिक निरन्तरतालाई मजबुत बनाउने काम गर्दछ । आधुनिक प्रविधि र जीवनशैलीको प्रभावले केही कार्यहरू सहज बने पनि मगर समुदायमा मेमाजाको महत्त्व आजपनि उस्तै रहेको देखिन्छ। मेमाजाले समुदायको मौलिक पहिचान जोगाइ राख्न, परम्परागत ज्ञान र संस्कृतिलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको देखिन्छ। त्यसकारण मेमाजालाई केवल एक परम्परागत संस्थाको रूपमा मात्र नभई मगर समुदायको सामाजिक–सांस्कृतिक व्यवस्थापनको आधारस्तम्भका रूपमा बुझ्न सकिन्छ।

जसरी समाजशास्त्रीय दृष्टिकोणअनुसार परिवार समाजको एउटा संस्था हो जसले समृद्ध समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भनेर बुझिन्छ त्यसैगरी मेमाजा पनि मगर समुदायको एउटा परम्परागत संस्था

हो जसले मगर जातिको समुदाय तथा समाज निर्माण, परम्परागत मूल्य र मान्यताहरू र अभ्यासहरूमा निरन्तरता दिन सहयोग गरिरहेको हुन्छ। साथै मेमाजाले मगर समुदायको एकता, स्थायित्व र सांस्कृतिक निरन्तरताको सुनिश्चितता गरिरहेको हुन्छ। त्यसकारण मेमाजाको भूमिका, यसको सामाजिक तथा सांस्कृतिक महत्त्व र आवश्यकताहरूलाई गहन तरिकाबाट अध्ययन गर्न जरूरी देखिन्छ।

## सन्दर्भ सामग्रीहरू


घर्तीमगर, बलबहादुर र रोकामगर, माया. (२०८२). मगर *जातिको मानवशास्त्रीय वृत्तान्त*. पिपलतुङ रिसर्च एण्ड डेभलपमेन्ट हब।

घर्तीमगर, बलबहादुर. (२०७१). *मगर संस्कार,* आदिवासी जनजाति महासंघ, रोल्पा।

बराल मगर, केशर जङ. (२०६८). *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति,* अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा. लि.।

बुढामगर, बमकुमारी. (२०८१). *मौला ल घोन*. मगर संघ युके।

मगर हिमाल, जे. आर. (२०७७). *रोल्पा, रुकुम र बाग्लुङका मगरहरूको भाषा, साहित्य र संस्कृति,* समृद्र रोल्पा फाउन्डेशन।

राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०८०). *राष्ट्रिय जनगणना २०७८: राष्ट्रिय प्रतिवेदन*. राष्ट्रिय तथ्याङ्क कार्यालय।

श्रीस मगर, मीन. (२०६७). *मगर जातिको चिनारी*. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

Durkheim, E. (1895). *The rules of sociological method*. Free Press.

Radcliffe-Brown, A. R. (1952). *Structure and function in primitive society*. Routledge & Kegan Paul.